# सम्झौतापत्र

काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालकाविच धुलिखेल अस्पताललाई काठमाडौं विश्वविद्यालय शिक्षण अस्पतालको रुपमा सञ्चालन तथा विकास गर्न मिति २०५९।१२।१९।४ मा सम्पन्न ५० वर्षे करार सम्झौताको दफा १२ मा दुवै पक्षको आपसी सहमतिबाट उक्त सम्झौतामा संशोधन र नविकरण गर्न सकिने प्रावधान अनुसार तपसील बमोजिन प्रथम सशोधन गर्न सम्झौता सम्पन्न भएको छ ।

## तपसील

१. काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालविच सम्पन्न २०५९।१२।१९।४ को सम्झौतापत्रको दफा १३ मा अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा रुपान्तरण गर्दै लैजान आवश्यकता अनुसार दुवैपक्षको नियम एवं विधानहरुमा परिमार्जन गरिने उल्लेख भए अनुरुप के कस्ता कुराहरु परिमार्जन गर्ने र कहिले सम्म गर्ने भन्नेबारे स्पष्ट नखुलेको हुँदा देहाय बमोजिम परिमार्जन गर्ने सहमति भयो ।

(क) धुलिखेल अस्पताल नै काठमाडौं विश्वविद्यालयको मुख्य शिक्षण अस्पतालको रुपमा सञ्चालित र विकसित हुने भएकोले अस्पताल सेवाका कार्यकारी प्रमुख अस्पताल निर्देशकको नियुक्ति एवं सेवा शर्त निर्धारण मूल सम्झौताको दफा ६ बमोजिमको शिक्षण अस्पताल सञ्चालक समितिको सिफारिसमा काठमडौं विश्वविद्यालय कार्यकारी परिषद्ले गर्नेछ । यसरी नियुक्त भएको निर्देशकले सो शिक्षण अस्पतालको विकास तथा दैनिक कार्य सञ्चालन काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद्को सामान्य नियन्त्रणमा गर्नेछ ।

(ख) धुलिखेल अस्पतलको विधान २०५३ को दफा ७.५ मा अस्पतालको जायजेथाको अन्तिम स्वामित्व श्री ५ को सरकारमा रहेकोमा विधान संशोधन गरी उक्त जायजेथा काठमाडौं विश्वविद्यालयको स्वामित्व रहने गरी व्यवस्था गर्ने । (स्मरण रहोस काठमाडौं विश्वविद्यालयको अन्तिम स्वामित्व पनि स्वत: श्री ५ को सरकारमै निहित रहेकोछ ।)



DHULIKHEL HOSPITAL
१९९४
NEPAL

(ग) शिक्षण अस्पतालको सञ्चालन खर्च विश्वविद्यालयको स्वीकृत वजेटबाट व्यहोरिने र शिक्षण अस्पतालको वार्षिक लेखापरीक्षण काठमाडौं विश्वविद्यालय सभाद्वारा नियुक्त लेखा परीक्षकले नै गर्नेछ ।

उपर्युक्त बमोजिम सहमति भएका बुँदाहरुलाई ३ वर्षभित्र काठमाडौं विश्वविद्यालय ऐन, २०४८ तद्अनुसार सभाबाट पारित नियमहरु र धुलिखेल अस्पतालको विधान र नियमहरुमा समाविष्ट गरिनेछ ।

| | |
|---|---|
| ----------------------- | ----------------------------------- |
| डा.सुरेशराज शर्मा | डा.रामकण्ठ माकाजु श्रेष्ठ |
| उपकुलपति | निर्देशक |
| काठमाडौं विश्वविद्यालय | धुलिखेल अस्पताल |
| धुलिखेल, काभ्रे । | |
| साक्षी | साक्षी |
| ....................... | ....................... |
| डा.भद्रमान तुलाधर | श्री बेलप्रसाद श्रेष्ठ |
| का.मु.रजिष्ट्रार | अध्यक्ष |
| काठमाडौं विश्वविद्यालय | कार्यकारीणी समिति, |
| | धुलिखेल अस्पताल |

ईति सम्बत २०६० साल फागुन २६ गते मङ्गलवार शुभम् ................. ।